# तिलोत्तमा नगरपालिका

# स्थानीय राजपत्र

**खण्ड ३) तिलोत्तमा, बैशाख महिना १० गते २०७६ साल (अतिरिक्ताङ्क १०**


**भाग : २**

**तिलोत्तमा नगरपालिका**

तिलोत्तमा नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## सम्वत् २०७६ सालको कार्यविधि नं. १०

## कार्यविधिको नाम : अटो रिक्सा, ई-रिक्सा दर्ता तथा व्यवस्थापन कार्यविधि, २०७६

नेपालको संविधान बमोजिम स्थानीय तहको अधिकार सम्बन्धी व्यवस्था कार्यान्वयन गरी लोकतन्त्रका लाभहरुको समानुपातिक समावेशी र न्यायोचित वितरण गरी कानूनी राज्य र दिगो विकासको अवधारणा अनुरुप समाजवाद उन्मुख सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीलाई स्थानीय तहदेखि नै सुदृढीकरण गर्न, सार्वजनिक यातायातमा सहजतता प्रदान गर्न र अटो सवारी साधन संचालनलाई व्यवस्थित, मर्यादित बनाउन वाञ्छनीय भएकाले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ को उपदफा १ को (क) ले दिएको अधिकार प्रयोग गरी तिलोत्तमा नगरपालिकाले अटो रिक्सा, ई-रिक्सा दर्ता तथा व्यवस्थापन कार्यविधि, २०७६ जारी गरेको छ ।

**(१) तिलोत्तमा नगरपालिका कार्यालयमा दर्ता नगरी नगर क्षेत्र भित्र अटो रिक्सा चलाउन नपाइने :**

प्रचलित कानूनमा अन्यथा व्यवस्था भएको वाहेक यस कार्यविधि बमोजिम तिलोत्तमा नगरपालिका कार्यालयमा दर्ता नगरी कोही कसैले पनि नगर क्षेत्रभित्र अटो रिक्सा, ई-रिक्सा संचालन गर्न पाइने छैन । सम्बन्धित सवारी धनीले रुट परमिटका सम्पूर्ण शर्तहरु पुर्णरुपमा पालना गर्नुपर्नेछ । अन्यथा यस कार्यालयबाट अनुगमनमा खटिएका जनप्रतिनिधि, कर्मचारी, नगर प्रहरीले जरिवाना गर्नेछन् । तोकिएको पार्किडस्थल भन्दा अन्यत्र पार्किङ गरेको पाइएमा पहिलो पटक रु ५०, दोस्रो पटक रु २०० जरिवाना र तेश्रो पटकमा दर्ता खारेज समेत गर्न सकिनेछ ।

**(२) नगरपालिकामा दर्ता /पार्किङ सम्बन्धी व्यवस्था :**

१. सार्वजनिक रुपमा यस क्षेत्रमा अटोरिक्सा, ई-रिक्सा संचालन गर्न चाहने व्यवसायीले अनुसूची-१ बमोजिमको ढाँचामा फारम भरी दर्ताको लागि यस नगरपालिका कार्यालयमा प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको कर्मचारी समक्ष दरखास्त दिनु पर्नेछ । बढ्दो सवारी चापका कारण हुने सडक दुर्घटनालाइ न्यूनीकरण गर्नका लागि अटो रिक्सा संचालन इजाजत दिँदा सडकको अवस्था, यात्रुको चापलाई ख्याल गरिनेछ ।

२. **अटो रिक्सा सञ्चालन तथा व्यवस्थापन समिति गठन :**

अटो रिक्साको समग्र व्यवस्थापन दर्ता, संख्या निर्धारण, नविकरण, रुट निर्धारण, पार्किडस्थल निर्धारण, भाडादर निर्धारण र अनियमित गर्नेलाई जरिवाना समेत गरी समग्र व्यवस्थापन गर्नका लागि कार्यपालिका सदस्यको संयोजकत्वमा सरोकारवाला सहित तपशील बमोजिमको एक समिति कार्यपालिका बैठकले गठन गर्नेछ ।

(क) कार्यपालिका सदस्यहरु मध्ये एक जना — संयोजक
(ख) कार्यपालिका सदस्यहरु मध्येबाट एक जना महिला अनिवार्य रहनेगरी दुई जना — सदस्य
(ग) नगरस्तरीय अटो रिक्सा सञ्चालक सम्बद्ध समितिबाट दुई जना — सदस्य
(घ) उपभोक्ता अधिकारकर्मीमध्येबाट नगर कार्यपालिकाले तोकेको एक जना — सदस्य
(ङ) नगरपालिकाको आर्थिक विकास शाखा प्रमुख — सदस्य-सचिव

३. उपदफा (१) बमोजिम पर्न आएका दरखास्तहरु रित पुगे पुगे/नपुगेको, आवश्यक कागजात भए/ नभएको अध्ययन गरी

नियमानुसार लाग्ने अनुसूची-२ बमोजिमको दस्तुर लिई निजलाई अनुसूची-३ बमोजिमको ढाँचामा दर्ता प्रमाणपत्र प्रदान गरिने छ ।

(३) **रिक्साचालक वा व्यवसायीहरुले समिति गठन गर्न सक्ने :** यस नगरपालिकामा सञ्चालन हुने रिक्सा व्यवसायी वा चालकहरु व्यवसायिक एकताका लागि सम्बन्धित निकायमा दर्ता भई संगठित हुन सक्नेछन् । तर, नगरमा चल्ने रिक्साको संख्या, रुट, भाडादरलगायत सम्बन्धित विषयको निर्णय नगरपालिकाले गठन गरेको समितिले मात्र गर्नेछ ।

(४) **दर्ता प्रमाण पत्रको अवधि** : दफा (२) बमोजिम प्रदान गरिएको सवारी साधन दर्ता प्रमाण पत्र खारेज भएको वा प्रचलित कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा बाहेक चालु आर्थिक वर्षको अन्त्यसम्म मात्र मान्य रहनेछ ।

(५) **दर्ता प्रमाण पत्रको नवीकरण** : दर्ता प्रमाण पत्रमा लेखिएको म्याद नाघेको ३ महिना भित्र दर्ताको प्रमाणपत्र नवीकरण गराईसक्नु पर्नेछ । ३ महिना म्याद नाघी नवीकरण गराउन आउने सवारी धनीबाट नवीकरण दस्तुरको अतिरिक्त सो म्याद नाघेको १ वर्षसम्म १०० प्रतिशत, २ वर्षसम्म २०० प्रतिशत, ३ वर्षसम्म ३०० प्रतिशत, ४ वर्ष सम्म ४०० प्रतिशत र ५ वर्षसम्म ५०० प्रतिशत दस्तुर समेत लिइ त्यस्तो दर्ता प्रमाण पत्रको नवीकरण गर्नु पर्नेछ ।

(६) **नवीकरण सम्बन्धी विशेष व्यवस्था** : माथि जुनसुकै कुरा लेखिएको भएता पनि सवारी धनीले ५ वर्ष सम्मको लागि एकै पटक नवीकरण गराउन चाहेमा ५ वर्ष सम्मको लागि लाग्ने नवीकरण दस्तुर एकमुष्ट लिइ दर्ताको प्रमाण पत्र ५ वर्ष सम्मको लागि एकै पटक नवीकरण गर्न सकिनेछ ।

(७) **दर्ता प्रमाण पत्रको प्रतिलिपि दिने व्यवस्था :** कुनै रिक्साधनीले प्रमाणपत्र हराए वा नासिएको कारणबाट प्रमाणपत्रको प्रतिलिपि पाउन निवेदन गरेमा अनुसूची-२ बमोजिमको दस्तुर लिई प्रमाण पत्रको प्रतिलिपि दिनु पर्नेछ ।

(८) **प्रचलित कानून बमोजिम हुने :** यस कार्यविधिमा लेखिए जति सबै यसै बमोजिम हुने र अन्यको हकमा प्रचलित ऐन कानून बमोजिम हुनेछ । कार्यविधिलाई कार्यपालिका बैठकले आवश्यक संसोधन गर्न सक्नेछ ।

**अनुसूची- १**
**दफा २ को उपदफा (१) सँग सम्बन्धित**
**विषयः अटो रिक्सा, ई–रिक्सा दर्ता सम्बन्धमा**

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू
तिलोत्तमा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मणिग्राम, रुपन्देही

दरखास्तवालाको फोटो

मेरो/हाम्रो नाममा खरिद भएको निम्न विवरण भएको सवारी (ई रिक्सा/अटो रिक्सा) रुट इजाजत प्राप्तिका लागि आवश्यक प्रमाणपत्रहरु यसै साथ राखि पेश गरेको छु। दर्ता गरी रुट इजाजत दिनुहुन सादर अनुरोध गर्दछु।

**सवारी धनीको :**
नम थर :
ठेगाना :
मोबाईल नम्बर :
पिता वा पति/पत्नीको नाम थरः
सवारी दर्ता नं :
सवारीको किसिम :
सवारी बनाउने कम्पनीको नाम :
सवारी बनेको साल :
सवारीको मोडेल :
सवारी हर्षपावर :
सवारीको इन्जिन नं :
सवारीको चेसिज नं :
सवारीको रंग : सवारीको प्रयोग : निजी/भाडा
सवारीमा चालक सहित क्षमता :
सवारीको इन्धन : पेट्रोल/डिजल/ब्याट्री

यस दरखास्त फाराममा उल्लिखत सम्पूर्ण व्यहोरा ठीक साँचो छ। झुठ्ठा ठहरे कानून बमोजिम सहुँला/बुझाउँला।

कम्पनी/संस्थाको छाप

दरखास्तवालाको :
दस्तखतः
नाम, थरः
मितिः

**अनुसूची- २**
**दफा २ को उपदफा (३) सँग सम्बन्धित**

| क.सं. | सवारी दर्ता दस्तुर रु | नामसारी दस्तुर रु | नवीकरण दस्तुर रु | प्रतिलिपि दस्तुर रु |
|---|---|---|---|---|
| १ | ७५०।०० | ५००।०० | . ५००।०० | २५०।०० |

नोट : तत्काल कायम गरिएको यो शुल्क दर नगरसभाले परिमार्जन गर्न सक्नेछ ।

## अनुसूची- ३
## दफा २ को उपदफा (३) सँग सम्बन्धित
## तिलोत्तमा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## मणिग्राम, रुपन्देही, ५ नं. प्रदेश, नेपाल
## सवारी साधन दर्ता प्रमाण–पत्र

नगरपालिका दर्ता नं. :
सवारी धनीको नाम थर :
ठेगाना :
पिता वा पतिको नाम थरः
सवारी दर्ता नं :
सवारीको किसिम :
सवारी बनाउने कम्पनीको नाम :
सवारी बनेको साल :
सवारीको मोडेल :
सवारी हर्षपावर :
सवारीको इन्जिन नं :
सवारीको चेसिज नं :
सवारीको रंग :
सवारीको प्रयोग : निजी/भाडा
सवारीमा चालक सहित क्षमता :
सवारीको इन्धन : पेट्रोल/डिजल/ब्याट्री

**अधिकृतको दस्खत**

**नवीकरण**

| आर्थिक वर्ष | नवीकरण गरेको मिति | नवीकरण बहाल रहने अवधि | नवीकरण दस्तुर, भौचर नं र मिति | नवीकरण गर्ने अधिकारीको दस्तखत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

**आज्ञाले**

**प्रमाणीकरण मितिः २०७६/०१/१०**

**(कृष्णप्रसाद सापकोटा)**
**प्रमुख प्रशासकीय अधिकृत**